# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्ड : ६ | संख्या : ६ | २०७९ साल असार ३१ गते |
|---|---|---|


## भाग : २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि (संशोधन) सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### दुल्लू नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि, २०७७ (पहिलो संशोधन, २०७९)

**प्रस्तावना**: दुल्लू नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगर कार्यपालिकाको मिति २०७९।०३।२४ गतेको बैठकले "दुल्लू नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि, २०७७ (पहिलो संशोधन) २०७९" स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) कार्यविधिको नाम "दुल्लू नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि, २०७७ (पहिलो संशोधन) २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **सवारी साधन सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा संशोधन:** सवारी साधन सञ्चालन कार्यविधि, २०७७ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ११ मा देहायको संशोधन गरिएको छ:

(क) उपदफा (१) पछि देहाय अनुसार उपदफा (२) र (३) थप गरिएको छ:

(२) मासिक रुपमा दोहोरो सम्झौता गरि बहालमा लगिएका दफा १० बमोजिमका सवारी साधनहरुको नियमित मर्मत संभारको कार्य बहालमा लिने व्यक्ति/फर्म/कम्पनीले गर्नु पर्ने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दैनिक रुपमा बहालमा लिएका सवारी साधनको हकमा भने मर्मत संभारको कार्य नगरपालिकाले नै गर्नु पर्ने छ ।

३. **मूल कार्यविधिको दफा १३ मा संशोधन:** मूल कार्यविधिको दफा १३ मा देहाय अनुसारको संशोधन गरिएको छ :

(क) उपदफा (३) पछि देहाय अनुसार उपदफा (४) थप गरिएको छ:

(४) सवारी साधनहरुको वार्षिक रुपमा गर्नुपर्ने विमा तथा नविकरण समयमानै गर्नुपर्ने दायित्व स्वयम सवारी चालकको हुनेछ ।अन्यथा यसबाट भएको कुनै क्षतिपूर्ति सवारी चालकलेनै व्यहोर्नु पर्नेछ ।



...............

आज्ञाले

ज्ञानमणि नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९।०३।३१